०७४।०७५ वै.सं.नं. १४

आज मिति २०७५ साल जेठ ३ गते यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिका बैठक अध्यक्ष श्री धमसरा पुन ज्यूको अध्यक्षतामा बसी देहायको उपस्थितिमा देहायका प्रस्ताव माथि इलफाल गरी देहायका निर्णय गरियो ।

उपस्थिती

धमसरा पुन – अध्यक्ष

रेशम इन्त्याल – उपाध्यक्ष

झक बहादुर इन्त्याल – वडा अध्यक्ष वडा नं. १

राम प्रसाद वि.क. – " " " " २

पूर्म पुन – " " " " ३

बेजा प्रसाद घर्ती – " " " " ४

खर्क कुमारी इन्त्याल – " " " " ५

राजाराम उपाध्याय – " " " " ६

कलानिधी शर्मा – " " " " ७

सुवादेवी पुर्जा – निर्वाचित सदस्य

बिनमाया घर्ती – " "

तिल कुमारी के.सी. – " "

बाल कुमारी सुगर – " "

राम बहादुर वि.क. – " "

देउ प्रसाद इन्त्याल – " "

अर्जुन शर्मा – सचिव गाउँकार्यपालिका

प्रस्तावहरू:

१. उद्योग ग्रामका लागि अग्गा व्यवस्था सम्बन्धमा

२. अग्गा प्राप्ती समन्वय तथा सहजिकरण सम्बन्धमा

३. सडक बोर्डमा योजना सिफारिस सम्बन्धमा

४. बैंडिङ कारोबार सम्बन्धमा

५. विविध सम्बन्धमा

निर्णयहरू:

नि.नं. १ : प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ४ पोखरावाट उद्योग ग्रामको लागि जग्गा व्यवस्थाको सम्भावना सम्बन्धमा तेरिए आएको विषय माथि हलफल गरी धवलागिरी गाउँपालिका वडा नं. ७ अन्तर्गत पर्ने कुटिचौर क्षेत्रमा ५०० रोपनी भन्दा बढी क्षेत्रफलको जग्गाको सम्भावना रहेको, सो जग्गा सार्वजनिक र निजी गरी मिश्रीत प्रकृतिको रहेको उँदा प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई सो जग्गा सिफारिस गर्ने निर्णय गरियो।

नि.नं. २ :

धवलागिरी गाउँपालिकाको कार्यालय भवन तथा वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्त गर्ने कार्यमा समन्वय र सहजिकरण गर्नको लागि देहाय बमोजिमको एक जग्गा प्राप्ती समन्वय तथा सहजिकरण समिति गठन गर्ने निर्णय गरियो। साथै सो समितिलाई आफ्नो कार्यविधि आफै निर्धारण गर्ने गरी सहजिकरण गर्ने निर्णय गरियो।

जग्गा प्राप्ती समन्वय तथा सहजिकरण समिति

अमरसरा पुन – संयोजक
पूर्म पुन – सदस्य
राजाराम उपाध्याय – सदस्य
देउप्रसाद इन्त्याल – सदस्य
बिनमाया बर्ती – सदस्य

नि.नं. ३:

प्रस्ताव नं. ३ माथि हलफल गरी सडक बोर्ड नेपालबाट हुने सडक मर्मतको लागि धवलागिरी गाउँपालिका वडा नं. ७ स्थित झिमडोटा - महभिर बाटो सुधार तथा मर्मत गर्ने निर्णय गरियो। साथै सो योजनाको प्राविधिक लागत अनुमान तयार गरी सडक बोर्ड नेपालमा सिफारिस गर्ने निर्णय गरियो।

नि.नं. ४:-

प्रस्ताव नं. ४ माथि हलफल गरी धवलागिरी गाउँपालिकाको लागि नेपाल राष्ट्र बैंकबाट तोकिएको प्रभु बैंकलाई सरकारी कारोबार गर्नका लागि तथा आवश्यक खाता खोल्नको लागि नेपाल राष्ट्र बैंकलाई सिफारिस गर्ने निर्णय गरियो।

नि.नं. ५:-

विविध विषयमाथि हलफल गरी देहाय बमोजिमका निर्णय गरियो।

(क) शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सिवाङको कार्यक्रम खर्च स्वीकृत प्रस्ताव अनुसार विभिन्न कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने।

(ख) सहकारी दिवस मनाउँदाको खर्च स्वीकृत प्रस्ताव बमोजिम कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने।

(ग) मिति २०७४ चैत्र १४ को बैठकको नि.नं. ११ (ख) को संशोधित बगरकोट खहरेबोला खा.पा. लाई पुनः संशोधन गरी रु. २००००० - र खानेपानी मर्मत धारापानी डोर्ले मध्यम योजनाको रु. ५००००० - गरी एकमुष्ट रु. ७००००० - (सात लाख मात्र) बाह्र - समदूरक (ताकम खानेपानी) तर्फ व्यवस्थापन गर्ने निर्णय गरियो।

(घ) धवलागिरी गाउँपालिका वडा नं. १ गुर्जा मा अल्पसंख्यक इन्त्याल जातिको बाहुल्यता रहेको, यातायात तथा पूर्वाधारको अभावको कारण भौगोलिक रूपमा दुर्गम रहेको तथा आर्थिक सामाजिक रूपले पिछडिएको समुदाय रहेको, एकै भाषा संस्कृति भएका समुदायको बाहुल्यता भएको कारण स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९९ अनुसार विशेष, संरक्षित र स्वायत्त क्षेत्र घोषणाको लागि सिफारिस गर्ने । त्यसै गरी धवलागिरी गा.पा. वडा नं. ५ महुकवाङमा अल्पसंख्यक इन्त्याल जातिको बाहुल्यता रहेको कारण संरक्षित क्षेत्र घोषणाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

(ङ) मिति २०७५।१।२९ मा धवलागिरी गा.पा. मुना म्याग्दीमा फेकोफन द्वारा संचालन गरेको अन्तरक्रिया कार्यक्रमको खाजा खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

(च) दरबाङ-मुनाको बिच खण्डको वैकल्पिक बाटो निर्माणको लागि प्राविधिक लागत अनुमान र कार्यसम्पन्नको आधारमा पुँजीगत शिर्षक (कन्टेनजेन्सी वा विविध पुँजीगत) बाट भुक्तानी गर्ने निर्णय गरियो ।

(छ) यस धवलागिरी गाउँपालिकामा सहकारी मार्फत गरिबी निवारण कार्यक्रमका लागि विशेष अनुदानका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

(ञ) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र समेतको अनुदान सहयोगमा प्राप्त हुने सोलार डायरको लागि महिला सम्बन्धित तथा आय आर्जन सम्बन्धी तालिम मिर्जिकबाट प्रति डायर रु. ३०,०००/- (तीस हजार रुपैया) सम्म उपलब्ध (अनुदान समूह) गराउने निर्णय गरियो ।

(झ) धवलागिरी गाउँपालिकाको वडा नं. ५ र वडा नं. ६ लाई मध्यनगर गरी महिला सम्बन्धित तथा आय आर्जन सम्बन्धी तालिम मिर्जिकबाट भुक्तानी गर्ने गरी जडिबुटी खेती सम्बन्धी अभिमुखीकरण तालिम संचालनका लागि रु. ५००,०००/- (दुई लाख) बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

(ञ) स्रोत केन्द्र स्तरीय क्यालेण्डर निर्माण गरेबापत क्यालेण्डर निर्माण समितिलाई रु. ५०,०००/- (पचास हजार मात्र) भुक्तानी दिने निर्णय गरियो